म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक ३४२ मंगलबार ९ साउन २०८० ने. सं. ११४३ अनलागा 25 July 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## कुष्माण्ड सरोबर त्रिवेणीधाममा ओखतीजन्य वृक्षरोपण

हेटौंडा, ८ साउन/नेपाल फर्निचर तथा फर्निसिङ व्यवसायी महासंघको नवौं स्थापना दिवसको अवसरमा मकवानपुर फर्निचर व्यवसायी संघले सोमबार हेटौंडामा वृक्षरोपण गरेको छ । संघका अध्यक्ष कृष्ण अर्यालको नेतृत्वमा गएको टोलीले हेटौंडा-९ स्थित धार्मिक पर्यटकीयस्थल कुष्माण्ड सरोवर त्रिवेणीधाममा ओखतीजन्य विरुवा रोपण गरिएको हो । धाम परिसरमा कपुर, बेल, सर्पगन्धा, रजनीहरलगायत विभिन्न जडिबुटीजन्य प्रजातिका विरुवाहरु रोपिएको संघका अध्यक्ष अर्यालले बताए । वृक्षरोपण कार्यक्रममा कुष्माण्ड सरोवर त्रिवेणीधाम समितिका अध्यक्ष ईश्वरीप्रसाद न्यौपाने, फर्निचर महासंघका उपाध्यक्ष गोकुल श्रेष्ठ, उपभोक्ता मन्च नेपालका केन्द्रीय उपाध्यक्ष कुमार पौडेलका साथै मकवानपुरका फर्निचर व्यवसायीको सहभागिता रहेको थियो ।

# घरेलुहिंसा दुई वर्षदेखि दोब्बरले वृद्धि, एकैवर्ष ७४ जनाको आत्महत्या

प्रतिक्षा न्यौपाने

हेटौंडा, ८ साउन/ मकवानपुरमा चार आर्थिक वर्षको तथ्यांकलाई आधार मान्दा पछिल्लो दुई वर्षदेखि आत्महत्याको अवस्था एउटै बिन्दु अर्थात, बढेको अवस्थामा छ ।

विगतका दुई वर्षमा भन्दा पछिल्लो दुई आर्थिक वर्षमा घरेलुहिंसा दोब्बरले बढेको देखिएको हो । जिल्ला प्रहरी कार्यालय मकवानपुरको महिला तथा बालबालिका सेवाकेन्द्रको तथ्यांक अनुसार आर्थिक वर्ष ०७६/७७, ०७७/७८ मा घरेलुहिंसाको उजुरी दर्ता क्रमश: २ सय ७७ र २ सय ७६ थियो । तर, आर्थिक वर्ष ०७८/७९ र ०७९/८० मा घरेलुहिंसाको उजुरी दर्ता क्रमश: ४ सय ३९ र ४ सय ३२ भएको महिला तथा बालबालिका सेवाकेन्द्रले जानकारी दिएको छ । आव ०७८/७९ मा परेको ४ सय ३९ उजुरीमा ३ सय २६ वटाको मिलापत्र भएको थियो । आव ०७९/८० मा परेको ४ सय ३२ उजुरीमा २ सय ५९ वटा मिलापत्र भएको छ । गत आवमा ७१ वटा उजुरी मिलापत्र हुन नसकेपछि थप कारबाहीका लागि जिल्ला अदालतमा पुगेको थियो ।

विगत चार वर्षको तथ्यांकलाई हेर्दा पनि स्पष्ट हुन्छ की, घरभित्र हुने मानसिक, शारीरिक, सामाजिक तथा आर्थिक रुपमा हुने हिंसा कहालीलाग्दो अवस्थामा वृद्धि भइरहेको छ । घरेलुहिंसा महिला, पुरुष वा बालबालिकामाथि हुने गरेको छ । तर, अधिक घरेलुहिंसा भने महिला तथा बालिकामाथि हुने गरेको तथ्यांकले देखाउँछ । पुरुषमाथि पनि घरेलु हिंसा भएको उजुरी प्रहरीकोमा आउने गरेको छ । गत आव ०७९/८० को साउनदेखि असार मसान्तसम्म महिलामाथि कुटपिट तथा अभद्र व्यवहारका अन्य हिंसाको विवरणले पनि घरेलुहिंसाबाट महिलाहरु धेरै पीडित भएको देखाएको छ ।




महिलामाथि कुटपिट र अभद्र व्यवहारसम्बन्धी उजुरी गत आवमा मात्रै २ सय २९ वटा परेको महिला तथा बालबालिका सेवाकेन्द्रकी इन्चार्ज प्रहरीनिरीक्षक चुडाकुमारी खड्काले जानकारी दिएकी छन् । जसमध्ये दलित समुदायबाट मात्रै २४ वटा घरेलुहिंसा सम्बन्धी मुद्दा दर्ता भएको थियो । कुल २ सय २९ वटा उजुरीमा १ सय ४६ वटामा मिलापत्र गरेर पठाइएको सेवाकेन्द्रले जनाएको छ । जसमा ८९ वटा उजुरी कार्यान्वयन हुन बाँकी रहेको छ । दलित समुदायबाट परेको २८ वटा उजुरीमा १६ वटामा मिलापत्र तथा ८ वटा उजुरी कार्यान्वयनको चरणमा रहेको प्रहरीनिरीक्षक खड्काले बताइन् ।

यसैगरी, महिला तथा बालबालिकामाथि हुने अपराधका घटनामा पनि विगतको तीन वर्ष भन्दा गत आर्थिक वर्ष ०७९/८० मा वृद्धि भएको तथ्यांकले देखाएको छ । ०७६/७७ मा १ सय ५६, ०७७/७८ मा १ सय ७७, ०७८/७९ मा १ सय ५२ वटा अपराधका घटना घटेका थिए । तर, ०७९/८० मा भने घटना वृद्धि भएर करिब २ सय २० मा पुगेको छ । गत आव ०७९/८० मा १ जना मानवबेचबिखन, ४५ जना जर्वजस्तीकरणी, जर्वजस्तीकरणी प्रयासमा ६ जना, १० जना बहुविवाह, बालयौन दुराचारबाट ७ जना पीडित भएका छन् । भवितव्य ज्यान मुद्दाबाट २१ जना, फुटकर ज्यान मुद्दाबाट ९ जना पीडित बनेको तथ्यांकले देखाएको छ ।

प्रहरीनिरीक्षक खड्काले सामाजिक सञ्जालको बढ्दो दुरुपयोग, मदिरा तथा लागूऔषध सेवनले घरेलुहिंसा बढाउँदै लगेको बताइन् । उनले वैवाहिक सम्बन्धमा रहँदा पनि बाहिर सम्बन्ध बढाउने चरित्रका कारण घरेलुहिंसा बढेको बताएकी छन् ।

सानै उमेमार हुने गरेको विवाह, देखावटी तथा अनावश्यक खर्च गर्ने व्यवहार, आत्मनिर्भर हुन नसक्नु र आर्थिक अवस्था कमजोर भएका कारण पनि हिंसा भइरहेको खड्कोका भनाई छ । हिंसा निरुत्साहनका लागि समाज, परिवार र व्यक्ति नै सचेत हुनुपर्नेमा जोड दिइन् ।

**आत्महत्या गर्ने ७४ जना**

महिला तथा बालबालिका सेवाकेन्द्रको तथ्यांकअनुसार गत आव ०७९/८० मा मात्रै ७४ जनाले आत्महत्या गरेका छन् । दुई वर्षको तथ्यांक हेर्दा आत्महत्या गर्ने १२ जना बढेको देखिन्छ ।

आव ०७८/७९ मा आत्महत्या गर्नेको संख्या ६२ थियो । आव ०७६/७७ मा आत्महत्या गर्ने ६४ जना, आव ०७७/७८ मा ७१ जनाले आत्महत्या गरेका थिए । विगत तीन वर्षको तथ्यांकलाई हेर्दा पनि गत आवमा सबैभन्दा बढीले आत्महत्या गरेको पाइएको छ । चार वर्षको तथ्यांक अनुसार झुण्डिएर आत्महत्या गर्ने १ सय ५५ जना, हाम फोलर २ जना, विष सेवन गरेर १ सय १२ जनाले आत्महत्या गरेका हुन् । गत आव ०७९/८० मा मात्रै झुण्डिएर ४४ जना, आत्मदाहबाट १ जना र विष सेवनबाट २८ जनाले आत्महत्या गरेको महिला तथा बालबालिका सेवाकेन्द्रले जानकारी दिएको छ ।

**पछिल्लो दुई वर्ष हराउने पनि बढे**

मकवानपुरमा चार आर्थिक वर्षको तथ्यांकलाई आधार मान्दा पछिल्लो दुई वर्ष महिला, बालबालिका र ज्येष्ठ नागरिक हराउनेको संख्यामा वृद्धि भएको पाइएको छ ।

विगतका दुई वर्षमा भन्दा पछिल्लो दुई आर्थिक वर्षमा हराउनेहरु बढेको प्रहरीले जानकारी दिएको छ । जिल्ला प्रहरी कार्यालय मकवानपुरको महिला तथा बालबालिका सेवाकेन्द्रको तथ्यांकअनुसार आर्थिक वर्ष ०७६/७७ मा २ सय ७६ जना (१७४ महिला, २४ बालक, ७० बालिका र ८ ज्येष्ठ नागरिक) र आव ०७७/७८ मा २ सय ८६ जना (१७४ महिला, २८ बालक, ७५ बालिका र ९ ज्येष्ठ नागरिक) हराएका थिए । यसैगरी, आर्थिक वर्ष ०७८/७९ मा ३ सय २९ जना (१९४ महिला, बालक ४४, ७८ बालिका र १३ ज्येष्ठ नागरिक) तथा गत आव ०७९/८० मा ३ सय ७ जना (१७८ महिला, ३४ बालक, ८५ बालिका र १० जना ज्येष्ठ नागरिक) हराएका हुन् ।

आव ०७६/७७ मा २ सय ७५ जना, ०७७/७८ मा २ सय ७९ जना, ०७८/७९ मा ३ सय २७ जना र गत आव ०७९/८० मा २ सय ७१ जना फेलापरेको महिला बालबालिका तथा ज्येष्ठ नागरिक सेवाकेन्द्रले जानकारी दिएको छ । गत आवमा हराएकामध्ये ३६ जना फेला पर्न बाँकी रहेको छ ।

# प्रदेश राजधानीमै छैन सञ्चार सेवा

साझाकुरा संवाददाता

हेटौंडा, ८ साउन/ बागमती प्रदेशको राजधानी अर्थात् हेटौंडा उपमहानगर भन्नेबित्तिकै हरेक सुविधाबाट सम्पन्न छ भन्ने बुझिन्छ । हेटौंडाबासी अझै सञ्चार सेवाबाट बञ्चित छन् भन्दा विश्वास नलाग्न सक्छ, यो यथार्थ हो । हेटौंडा उपमहानगरपालिका वडा नं.१६ र १७ का सातबोटे क्षेत्रमा अहिलेसम्म टेलिफोन सेवा पुग्न सकेको छैन ।

२१ औं सताब्दीको सूचना तथा सञ्चार प्रविधिको युगमा फोन गर्नका लागि आधा/एक घण्टा हिडेर डाँडाकाँडा धाउँनु पर्ने बाध्यता रहको सातबोटे दियाली दमारका ठाकुराम गुरुङ बताउँछन् । गाह्रोसारो परेको समयमा फोन बाटै हुने काम गर्न पनि धाउनु बाहेक अरु बिकल्प नरहेको उनले बताए ।


करिब दुईसय घरधुरी रहेको सातबोटे क्षेत्र हेटौंडा उपमहानगरपालिका वडा नं.१७ वडा कार्यालयबाट करिब ६/७ किलोमिटरको दुरीमा छ । तर, कुनै पनि टेलिफोन सेवा प्रदायकले टावर नराख्दा त्यहाँका स्थानीय र त्यस क्षेत्र पुग्ने मानिसहरु सम्पर्कविहिन हुनु परेको हो ।

बाँकी पृष्ठ-४....









साझाकुरा

## हाम्रो कुरा

# वनकरियाको अधुरो सपना

मकवानपुरमा मात्रै बसोबास गर्ने वनकरिया समुदायले आफ्नो स्थायी बसोबासको लागि सामूहिक जग्गा माग्दै प्रदेशको मन्त्रीलाई ज्ञापनपत्र बुझाएका छन् । मकवानपुर जिल्ला मनहरी गाउँपालिका-४ ट्वाङ्ग्रामा कबुलियती बनको जग्गामा बस्दै आएका उनीहरुले स्याथी बसोबासको लागि जग्गा माग गर्दै आएको वर्षौं भयो । सरकारले वनकरियाका लागि आवास निर्माण गर्ने भनेर बजेट बिनियोजन गर्न थालेको पनि धेरै वर्ष भयो । हरेक वर्ष बजेट बिनियोजन हुने र असार मसान्तमा फ्रिज हुने गरेको थियो । वनकरियाले आइतवार बागमती प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा स्थायी बसोबासको ब्यबस्था मिलाउन माग गर्दै ज्ञापनपत्र बुझाएका छन् । भूमि व्यवस्था मन्त्रालयसमेत हेर्ने गरी गाभिएको प्रदेशको कृषि मन्त्रालयमा उनीहरुले सामूहिक रुपमा ज्ञापनपत्र बुझाएका हुन् । मनहरी गाउँपालिका-४ मा मात्र बसोबास गर्ने वनकरिया समुदायमा पछिल्लो समय सकारात्मक परिबर्तन देखिएको छ । उनीहरुको बस्तीमा विद्युत, खानेपानी, सडक, संचार जस्ता विकासका पूर्वाधार पुगेको छ ।

सरकारले ट्वाङ्ग्रा डाँडाबाट मुसेधापको कबुलियती वनमा वनकरिया बस्ती स्थानान्तरण गरेपछि उनीहरुको जीवनयापन सहज बन्न थालेको हो । सरकारले वनकरिया समुदायलाई निर्वाहका लागि प्रतिव्यक्ति मासिक ४ हजार रुपैयाँ सामाजिक सुरक्षा भत्ता दिन सुरु गरेपछि उनीहरुको समुदायमा चमक आएको हो । सामाजिक सुरक्षा भत्ताले उनीहरुको जीवनमा सुधार आएको स्थानीय बताउँछन् । वनकरिया समुदायले एकदशकदेखि नै सामूहिक पूर्जाको माग गर्दा संघ र प्रदेशको मन्त्रालयमा ज्ञापनपत्र बुझाउँदै आएका छन् । हाल बसोबास रहेको कबुलियती वनको जग्गाको संझौता २० वर्षका लागि थियो । सम्झौता नबीकरण नभएको खण्डमा उनीहरुले त्यो स्थान छाड्नु पर्ने समय नजिकीँदै छ । वनकरिया जाति मकवानपुरको मनहरी-४ मुसेधापमा मात्र बस्ने गदर्छन् । ट्वाङग्रा खहरेको किनारमा रहेको वस्तीमा करिब २ दशक अघि छाप्रो बनाएर बस्न थालेका हुन् । हाल बनकरिया समुदायको २२ घरधुरीमा ८९ जनाको संख्या रहेको छ । वनकरिया समुदाय वनदेवता माथि विश्वास गर्छन् । वनमा कुरिलो र खरेटो खोजेर गाउँमा ल्याएर बेच्छन् । सरकारद्वारा २०५५ सालमा घोषित ६१ जातिको सूचिमा वनकरिया पनि पर्छन् । दुई दशक अघिसम्म चुरे जंगलमै बसेर जंगलमा कन्दमुल खोजेर, खोलामा माछा मारेर र बन्यजन्तुको शिकार गरेर जीविका चलाउने वनकरियाको जीवनशैली हिजोआज फेरिएको छ । वनबाट वस्तीमा घर बनाएर बस्न थालेका वनकरिया हरेक क्षेत्रमा अघि बढ्दै गइरहेका छन् । उनीहरु खेतीपाती पनि गरिरहेका छन् । बस्तीमा गाउँपालिकाले होमस्टे निर्माण गरिदिएको छ । वकरिया समुदायका युवा रोजगारीका लागि नेपालका बिभिन्न सहरमा पुगेका छन् । कबुलियती वन क्षेत्रमा उनीहरुलाई दिइएको जग्गामा खेतीपाती गरेर ६ महिनालाई खान पुगेको र बाँकी ज्याला मजदुरी गरेर जीवन चलाउँदै आइरहेको उनीहरु बताउँछन् ।

वनकरियाहरु शिक्षाको क्षेत्रमा बिस्तारै अघि बढिरहेका छन् । अहिलेसम्म ६ जना महिला र एकजना पुरुष बनकरियाले एसएलसी/एसईई उत्तीर्ण गरेका छन् । वनकरिया बस्ती नजिकै रहेको पशुपतिनाथ माविबाट उनीहरुले एसएलसी/एसइइ उत्तीर्ण गरेका हुन् । पशुपतिनाथ मावि वनकरिया बालबालिका अध्ययन गर्ने एकमात्र विद्यालय हो । विद्यालयले वनकरिया समुदायका बालबालिकालाई निशुल्क अध्ययन गर्ने ब्यवस्था गरेको छ । यतिवेला पनि १५ जना बालबालिका बिभिन्न कक्षामा अध्ययन गरिरहेको विद्यालयले जनाएको छ । शिक्षाको मूलप्रवाहमा समेटिन नसकेका कारण पछि परेका वनकरिया समुदायमा अहिले पनि विद्यालय शिक्षालाई त्यत्ति धेरै महत्व दिने गरेको छैन । बालबालिका नियमित रुपमा विद्यालय आउने नगरेको विद्यालय स्रोतले जनाएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० साउन १० गते बुधबार २६ जुलाई २०२३ । अष्टमी, अधिक श्रावण शुक्लपक्ष । अनलागा ११४३ ने.सं. । सूर्योदय ५:२४, सूर्यास्त ६:५५ । बुधाष्टमी व्रत । गोरखकाली पूजा

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : रोकिएका काम बन्ने योग छ | तुला | : समय उत्साहवर्द्धक छ |
| वृष | : लगानीको अवसर जुट्नेछ | वृश्चिक | : आम्दानी बढ्नेछ |
| मिथुन | : यात्रा अघि बढ्न सक्नेछ | धनु | : पितृधन लाभ हुनेछ |
| कर्कट | : वैदेशिक क्षेत्रबाट लाभ पाइनेछ | मकर | : नयाँ ज्ञान प्राप्त हुनेछ |
| सिंह | : छिमेकमा असमझदारी बढ्नेछ | कुम्भ | : कृषिमा हानि हुनेछ |
| कन्या | : प्रतिस्पर्धाबाट फाइदा मिल्नेछ | मीन | : व्यापारमा फाइदा मिल्नेछ |

# विद्यालय शिक्षाको सुधारमा अलमलिएको स्थानीय तह



✍ डा. बलराम तिमल्सिना




असार २२ गते राष्ट्रिय परीक्षा बोर्डले कक्षा १० को अन्तमा लिइने परीक्षा एसईईको परीक्षाफल प्रकाशित गर्‍यो । परीक्षा फलको प्रारम्भिक विश्लेषणमा गत वर्षहरूको भन्दा यस वर्ष सामान्य सुधार आएको देखियो । परिणामको विषयगत र विधागत समीक्षाका साथै विद्यार्थीले हासिल गरेको ज्ञान, सीप र अभिवृत्तिका कोणबाट गरिने साङ्गोपाङ्गो विश्लेषण आउनै बाँकी छ । सायद शिक्षा मन्त्रालय वा परीक्षा बोर्डले के कस्ता क्षेत्रमा वा विषयमा के कति सुधार आएको हो, चाँडै सार्वजनिक गर्लान् ।

एसईईको परीक्षाफल प्रकाशनपछि विद्यालय शिक्षा सुधारका लागि स्थानीय तह के गर्दै छ भन्नेबारे विभिन्न कोणबाट क्रिया-प्रतिक्रिया आइरहेका छन् । माध्यमिक तह सम्मको शिक्षाको एकल अधिकार स्थानीय तहसँग भएको सन्दर्भमा स्थानीय जनप्रतिनिधिको बुझाइ के छ र के कस्ता कार्य गर्दै छन् भन्नेबारे यहाँ छोटो विश्लेषण गर्न खोजिएको छ ।

यो विश्लेषण स्थानीय तहका पदाधिकारीसँग भएको छलफलका आधारमा तयार पारिएको हो । छलफलका क्रममा ६ पालिका प्रमुख र उपप्रमुख, पाँचजना वडाध्यक्ष, दुईजना विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र तीनजना प्रधानाध्यापकसँग प्रत्यक्ष सम्पर्क गरिएको थियो । यो छलफल चार विषयमा केन्द्रित थियो – विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धि, शिक्षक व्यवस्थापन, आर्थिक व्यवस्थापन र आधारभूत तह अनिवार्य तथा नि:शुल्क र माध्यमिक शिक्षा नि:शुल्क गर्ने ।

यी विषयमा जनप्रतिनिधिहरूले राखेको विचारको समीक्षा गर्नुअगाडि संविधान र कानुनले स्थानीय तहलाई विद्यालय शिक्षा सम्बन्धी के कति अधिकार दिएको छ, त्यो हेरौं ।

### शिक्षाबारे संविधान र कानुन

संविधानको अनुसूची ८ अनुसार आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको एकल अधिकार क्षेत्रभित्र पर्दछ भने अनुसूची ९ मा शिक्षालाई साझा अधिकारको रूपमा पनि राखिएको छ ।

शिक्षा नीति अनुसार, आधारभूत शिक्षाको उमेर समूहका सम्पूर्ण बालबालिकालाई विद्यालय भर्ना गरी अनिवार्य शिक्षा सुनिश्चित भएको पालिका घोषणा गर्ने पूरा अधिकार स्थानीय तहसँग छ । यही प्रावधान अनुसार नै असारको पहिलो हप्ता काभ्रे जिल्लाको बेथानचोक गाउँपालिकाले अनिवार्य तथा नि:शुल्क आधार भूत शिक्षा सुनिश्चित भएको पालिका घोषणा गरेको छ । अन्य कतिपय पालिकाले पनि यो घोषणा गरेका छन् भने कतिपय प्रयासरत रहेको पाइन्छ ।

संविधानले माध्यमिक शिक्षासम्मको सम्पूर्ण अधिकार स्थानीय तहको हुनेछ भने तापनि आधारभूत तहसम्म अनिवार्य तथा नि:शुल्क शिक्षा प्रदान गर्ने दायित्व तिनै तहको सरकारको हुनेछ भनेर अनिवार्य तथा नि:शुल्क शिक्षा ऐन २०७५ धारा ४ मा स्पष्ट उल्लेख गरिएको छ । ऐनले संविधानको अनुसूची ९ लाई टेकेर यो व्यवस्था गरेको हो ।

ऐनको दफा ६ ले आधारभूत शिक्षा नि:शुल्क गर्ने कुरा सै सरकारको पनि हो भन्ने कुरा प्रस्ट संकेत गर्दछ । यो दफाले भन्छ, 'यो ऐन प्रारम्भ भएपछि प्रत्येक स्थानीय तहमार्फत राज्यले चार वर्ष पूरा भई १३ वर्ष उमेर पूरा नभएका प्रत्येक बालबालिकालाई आधारभूत तहसम्म अनिवार्य शिक्षा प्रदान गर्ने व्यवस्था मिलाउनुपर्छ ।'

यसरी संविधान, शिक्षा नीति र अनिवार्य तथा नि:शुल्क शिक्षा ऐन हेर्दा आधार भूत तहसम्मको शिक्षा नि:शुल्क गर्ने दायित्व तिनै तहका सरकारको देखिन्छ र स्थानीय तह खासगरी गाउँपालिकाको आफ्नै आयआर्जन गर्ने क्षेत्र नभएकाले यो प्रावधान राखिएको हुन सक्छ । जुन कुरा अहिलेसम्मको अभ्यासबाट अत्यावश्यक हो भन्ने प्रमाणित भइसकेको छ ।

विद्यालय शिक्षाको गुणात्मक अभिवृद्धि, शिक्षक व्यवस्थापन, अनुगमन तथा निरीक्षण, विद्यालय स्थापना तथा सञ्चालन भने स्थानीय तहको एकल कार्य क्षेत्रभित्र पर्ने देखिन्छ । पाठ्यक्रम, पाठ्यपुस्तक, आर्थिक व्यवस्थापन, प्रदेश र राष्ट्रिय स्तरका परीक्षा, शिक्षक दरबन्दी आदि प्रदेश तथा संघीय सरकारको दायित्वभित्र पर्ने कुरा संविधान, शिक्षा नीति, ऐन-कानुन आदिले प्रस्ट पारेका छन् ।

### जनप्रतिनिधि र प्रधानाध्यापकको बुझाइ

स्थानीय शिक्षा ऐन-नियम, कार्यविधि आदिका बारेमा कुरा गर्दा एक पालिका अध्यक्ष भन्छन्, 'राष्ट्रिय स्तरमा तामझामका साथ राष्ट्रिय शिक्षा आयोग बन्यो र प्रतिवेदन पनि बुझाइयो, तर संघीय सरकारले यसलाई गोप्य राख्यो । प्रतिवेदन प्रकाशित गरेको भए शिक्षाका समस्या, समस्या समाधानका लागि अपनाउनुपर्ने उपाय, स्थानीय सरकारको भूमिका आदिका बारेमा जानकारी पाइन्थ्यो होला ।

जुन कानुनको अधीनमा रहेर हामीले ऐन-नियम बनाउनुपर्ने हो, त्यही शिक्षा ऐन अहिलेसम्म बनेको छैन, तैपनि हामीले स्थानीय रूपमा शिक्षा ऐन र कार्यविधि निर्माण गरेर कार्यान्वयन गरेका छौं ।'

स्थानीय सरकारको कानुनी ज्ञानबारे एक प्रधानाध्यापकको भनाइ रोचक छ, 'हाम्रा प्रमुख, उपप्रमुखले सबै विषयवस्तुको ज्ञाताजस्तो गर्नुहुन्छ । संघीय ऐन नियमको बेवास्ता गर्दै हामी पनि स्वायत्त सरकार हौं भन्नुहुन्छ, अनि विद्यालय व्यवस्थापन समितिको कार्य क्षेत्रमाथि अतिक्रमण गर्नुहुन्छ । खै कसरी काम गर्न सकिएला र ! यसै गरी अनावश्यक हस्तक्षेप बढ्दै गयो भने भनेर उहाँ खुइय्य गर्नुहुन्छ ।'

माध्यमिक तहसम्मको शिक्षासम्बन्धी संवैधानिक प्रावधानबारे एक पालिका उपप्रमुखको भनाइ सोचनीय छ, 'संविधानमा एक वाक्य लेखेको भरमा संघीय र प्रदेश सरकार विद्यालय शिक्षाको सबै दायित्व स्थानीय तहको हो भनेर उम्किन्छन् । हो, हामी आधारभूत तह अनिवार्य तथा नि:शुल्क र माध्यमिक तह नि:शुल्क भएको पालिका घोषणा गर्न चाहन्छौं, तर यी सबै कार्यका लागि आर्थिक रूपले हामी सक्षम छैनौं ।'

यो आठ वर्षको अनुभवमा विद्यालय शिक्षाको व्यवस्थापन गणतन्त्र आउनुभन्दा अगाडि र अहिले खासै केही फरक नपाइएको उनको भनाइ थियो । 'पहिले शिक्षाको बजेट जिल्ला शिक्षा कार्यलयबाट आउँथ्यो, अहिले हामीमार्फत । वश, यति मात्र हो । त्यही पनि यो यो क्षेत्रमा खर्च गर्ने भनेर तोकेर आउँछ,' उनी भन्छन्, 'सैले एकमुष्ठ बजेट विनियोजन गर्ने अनि हामीले बाँडफाँड गर्न पाए पो शिक्षाको गुणस्तर वृद्धिमा पनि बजेट छुट्ट्याउन पाइन्थ्यो । अहिले त शिक्षक तालिम, विद्यालयको पुस्तकालय अभिवृद्धि, शैक्षिक सामग्री खरिद, कम्प्युटर तथा विज्ञान प्रयोगशाला व्यवस्थापन आदिजस्ता विषयमा एक रुपैयाँ पनि छैन ।'

माथिको भनाइबाट के प्रस्टिन्छ भने स्थानीय तहले शिक्षासम्बन्धी प्रयोगका लागि बजेट विनियोजन गर्न पाउने अधिकार महत्त्वपूर्ण छ । आफ्नो आयस्रोत भएको पालिकाले त शिक्षामा खर्च गर्ने गरी बजेट व्यवस्थापन गर्न सक्छ । यसको उदाहरण हो, काठमाडौं महानगर पालिका । बजेटका लागि पूर्ण रूपमा प्रदेश र सैमा भर पर्नुपर्ने पालिकाको जब शीर्षक तोकेर ससर्त अनुदान मात्र सैबाट जान्छ, अनि पालिकाले कसरी खर्च गर्न सक्छ शिक्षाको गुणस्तर उकास्ने क्षेत्रमा बजेट !

शिक्षक व्यवस्थापनका बारेमा सोधिएको एक प्रश्नमा एक प्रमुख भन्छन्, 'प्रधानाध्यापकले हामीलाई यसबारे बताउनु नै हुन्न । शिक्षक नियुक्ति गर्नुपर्दा हामीलाई विधि र प्रक्रियाका बारेमा सामान्य जानकारी समेत दिइँदैन । हामी पनि प्रस्ट छैनौं कि शिक्षक नियुक्तिको अधिकार हाम्रो हो कि विद्यालय व्यवस्थापन समितिको ! कोही प्रधानाध्यापक यो विषयको शिक्षक खालि भयो नियुक्ति गरेर पठाइदिनुस् भनेर पत्र लेख्नुहुन्छ, कोही नियुक्ति गर्ने अनुमति दिनुस् भनेर लेख्नुहुन्छ अनि कुन हो त हाम्रो अधिकार बुझ्नै गाह्रो ।

यसै सन्दर्भमा माविका एक प्रधानाध्यापकसँग अन्तर्क्रिया गर्दा उनको भनाइ छ, 'पालिका शिक्षक सरुवा गर्न खोज्छ । सरुवामा राजनीतिक पूर्वाग्रह देखाइन्छ । अनावश्यक रूपमा प्रधानाध्यापक फेर्न खोजिन्छ । व्यवस्थापन समितिको निर्णयमा हस्तक्षेप गर्ने प्रयास हुन्छ, अनि हामीले कसरी स्वतन्त्र रूपमा काम गर्ने ? हाम्रो मनोबल कसरी उच्च हुन्छ ?'

विद्यालय अनुगमन तथा सुपरीवेक्षण सम्बन्धमा सोधिएको एक प्रश्नमा एक वडाध्यक्ष भन्छन्, 'हामी विद्यालयमा त बारम्बार जान्छौं, तर शिक्षण सिकाइ क्रियाकलापका बारेमा छलफल गर्न शिक्षक साथीहरू रुचि नै देखाउनुहुन्न । अनि उही भवन हेर्‍यो, सरसफाइ के छ हेर्‍यो, सामान्य गफ गर्‍यो फर्क्यो ।'

उनी जनप्रतिनिधिको कमजोरी पनि औँल्याउँछन्, 'साँच्चैभन्दा शैक्षिक अनुगमन र सुपरीवेक्षण प्रक्रिया, विधि र पद्धतिबारे हामी जनप्रतिनिधि पनि थाहा छैन ।'

अनुगमन र सुपरीवेक्षणको सन्दर्भमा छलफल गर्दा एक पालिका उपाध्यक्ष आफ्नो अनुभव सुनाउँछन्, 'विद्यालय अनुगमन अन्य भौतिक विकास निर्माणको अनुगमन जस्तो होइन । त्यसैले हामी जनप्रतिनिधिलाई पनि शैक्षणिक क्रियाकलाप, गुणात्मक शिक्षाका मापदण्ड र सूचक आदिका बारेमा कम्तीमा पनि एक-दुई दिनको प्रबोधीकरण कार्यक्रम गर्नुपर्ने महसुस गरेको छु ।

विद्यालयको गुणस्तर उकास्ने सम्बन्धमा हामी निकै चिन्तित छौं । अभिभावकहरू विद्यालयको सुधार र शैक्षिक गुणस्तरमा अभिवृद्धि गर्नुपर्‍यो भनेर बारम्बार पालिकामा डेलिगेसन आउनुहुन्छ । हामी प्रयासरत छौं भन्छौं, तर चुरो कुरो हामीलाई नै थाहा छैन । गुणस्तर के हो, यसका मापदण्ड र सूचक के हुन्, के गर्दा गुणस्तर बढ्छ भन्नेमा हामी सबै अलमलमा छौं । उही विद्यार्थीले एसईईमा जीपीए बढी ल्याए भने शिक्षाको गुणस्तर बढ्यो भन्छौं । गुणस्तरीय शिक्षामापन गर्ने पक्ष त्यो मात्र होइन होला, तर आफैंलाई थाहा छैन, अनि के गर्ने ?'

एक नगरप्रमुख शिक्षासम्बन्धी स्थानीय तहको अधिकार कार्यान्वयनमा संघीय सरकार सहयोगी नभएको कुरा बताउँछन् । 'देशमा संघीयता लागु भएको आठ वर्ष बित्यो । एउटा पालिकाको एक कार्यकाल बितेर पनि हामी आएको १४-१५ महिना हुन लाग्यो । यो समयमा न संघीय शिक्षा ऐन बन्यो, न प्रदेश शिक्षा ऐन । न शिक्षक छनोटका प्रस्ट आधारसहितको निर्देशिका बन्यो, न परीक्षा र मूल्यांकनका विधि, प्रक्रिया र आधार केही बन्न सके,' उनी भन्छन्, 'गुणात्मक शिक्षा भनिन्छ तर त्यसका मापदण्ड र सूचक बनाउने जिम्मेवारी संघीय सरकारले पूरा गरेन । अनि हामी कुहिरोका काग भएनौं त ? जुन पालिकालाई जे लहड चल्छ, त्यही गर्ने परम्परा बस्न थालेको छ । केही आधार भूत कुरामा त राष्ट्रिय रूपमा नै एकरूपता हुनुपर्ला नि होइन र ?'

शैक्षिक गुणस्तरबारे छलफल गर्दा दोस्रोपटक निर्वाचित एक पालिका प्रमुख भन्छन्, 'जुन विद्यालयका प्रधानाध्यापक व्यावसायिक र दक्ष छन्, जुन विद्यालयमा शिक्षक राजनीतिमा संलग्न छैनन्, व्यवस्थापन समितिमा राजनीतिक दलको अनावश्यक हस्तक्षेप छैन, त्यस्ता विद्यालयले क्रमश: राम्रो गर्दै छन् ।

हाम्रो पालिकामा माध्यमिक तहका शिक्षक दरबन्दी अपुग छ । स्थानीय स्रोतबाट नियुक्त गर्न पालिकासँग बजेट छैन । बिनाशिक्षक गुणात्मक शिक्षाको अपेक्षा कसरी गर्ने ?'

### सुधार चाहन्छन् तर...

माथिको समग्र छलफलबाट के निष्कर्ष निकाल्न सकिन्छ भने स्थानीय जनप्रतिनिधिमा विद्यालय शिक्षालाई व्यवस्थित गर्दै गुणस्तरमा अभिवृद्धि गर्ने हुटहुटी छ । संविधान र कानुनले व्यवस्था गरे अनुसार आफ्नै कार्यकालमा पालिकालाई अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षा सुनिश्चित भएको घोषणा पनि गर्न चाहन्छन् । त्यति मात्र होइन संविधानको भावना अनुसार कक्षा १२ सम्म नि:शुल्क बनाउन पनि चाहन्छन् ।

यद्यपि जनप्रतिनिधिहरूमा ऐन-कानुनबारे अल्पज्ञान देखिन्छ, जसले यसबारे पूर्ण रूपमा बुझेका छन्, उनीहरू पनि पूर्णरूपमा पालना गर्न चाहँदैनन्, खासगरी शिक्षक नियुक्तिको विषयमा । शिक्षक नियुक्तिको अधिकार विद्यालय व्यवस्थापन समितिसँग छ, तर पालिका प्रमुख, उपप्रमुख वा वडाध्यक्ष यो प्रक्रियामा प्रत्यक्ष वा परोक्ष रूपमा हस्तक्षेप गर्छन् । आफूले चाहे अनुसारको व्यक्ति नियुक्ति होस् भन्ने चाहन्छन् ।

जनप्रतिनिधिले नियमित रूपमा विद्यालयको अनुगमन तथा सुपरीवेक्षण गर्नुको अर्थ उनीहरू विद्यालयका गतिविधि नजिकबाट नियाल्न चाहन्छन् र विद्यालयको नियमन गर्न चाहन्छन् ।

विद्यालयमा शिक्षकहरू नियमित आई समयमै कक्षा कोठामा पसून्, कक्षा कोठामा पूरा समय बसून् र शिक्षण सिकाइ प्रभावकारी बनाऊन् भन्ने चाहन्छन् अहिलेका जनप्रतिनिधिहरू । तर, उनीहरूलाई पाठ्य क्रियाकलाप र विषयवस्तुबारे जानकारी नभएकाले अनुगमन तथा सुपरीवेक्षणमा गर्न समस्या भइरहेको छ । प्रधानाध्यापक र शिक्षकसँग अन्तर्क्रिया गर्ने कि नगर्ने आदिबारे पनि उनीहरू प्रस्ट छैनन् । त्यसैले विद्यालय भ्रमण गर्ने जनप्रतिनिधिको ध्यान विद्यालयको भौतिक निर्माण, पुस्तकालय, प्रयोगशाला, कम्प्युटर आदिको बारेमा बढी केन्द्रित भएको पाइयो ।

शिक्षाको गुणस्तर उकास्नेबारे जनप्रतिनिधि बढी नै चिन्तित रहेको पाइयो, तर गुणस्तर के हो ? यसका मापदण्ड र सूचक के के हुन् ? गुणस्तर अभिवृद्धि गर्न नगरी नहुने कार्य के के हुन् ? त्यसमा पनि तुरुन्तै गर्नु पर्ने के हो ? दीर्घकालमा गर्नु पर्ने के हो ? भन्नेमा प्राय: जनप्रतिनिधि अनभिज्ञजस्तै देखिए । गुणस्तरको क्षेत्रमा स्थानीय जनप्रतिनिधिले चाहेर पनि खास उल्लेख्य रूपमा केही गर्न सकिएको पाइएन ।

स्थानीय जनप्रतिनिधि खासगरी प्रमुख-उपप्रमुखले शिक्षकको सरुवा र प्रधानाध्यापक नियुक्तिमा बढी नै चासो दिएको पाइयो । कतिपयले यी दुवै कार्य राजनीतिक आधारमा कार्यान्वयनमा ल्याएको पनि देखियो । शिक्षक सरुवा र प्रधानाध्यापक फेर्ने नीतिले शिक्षाको गुणस्तर अभिवृद्धिमा, विद्यालय व्यवस्थापनमा र शिक्षकको नियमिततामा भने खास सकारात्मक प्रभाव पारेको देखिएन । यी र यस्तै समस्यासँग रुमलिँदै विद्यालय शिक्षा चलिरहेको छ । यसलाई सुधार गर्न अब के गर्नुपर्छ, त्यसबारे पनि संक्षिप्त चर्चा गरौं ।

### कसरी गर्ने सुधार ?

संघीयताको कार्यान्वयनपछि स्थानीय निकायले शिक्षाको अपनत्व लिएको छ । निगरानी र नियमन बढाएको छ । फलस्वरूप यस वर्षको एसईईको परिणाममा सामान्य सुधार देखिएको हो, तर यी सबै पक्षलाई प्रणालीमा ढाल्न आवश्यक संघीय र प्रदेश शिक्षा ऐन, नियमावली, विभिन्न विषयका मापदण्ड र राष्ट्रिस्तरका सूचकहरू जस्ता सै र प्रदेशले निर्माण गर्नुपर्ने कुरा चाँडो निर्माण गरिनुपर्छ ।

स्थानीय पदाधिकारीको क्षमता अभिवृद्धि महत्त्वपूर्ण देखिएको छ । व्यक्तिगत, संस्थागत र प्रणालीगत क्षमता अभिवृद्धि अहिलेको आवश्यकता हो । कानुनी साक्षरता, गुणात्मक शिक्षाका मापदण्ड र सूचक, अनुगमन र निरीक्षणका प्रक्रिया र विधि, शिक्षक छनोटको प्रक्रिया आदिको सैद्धान्तिक ज्ञान स्थानीय जनप्रतिनिधिलाई अत्यावश्यक देखिन्छ । संघीय सरकारले स-साना हाते पुस्तक बनाएर वा छोटो अवधिको तालिम दिएर स्थानीय पदाधिकारीलाई यी विषयमा आवश्यक ज्ञान दिन जरुरी छ ।

संविधानको प्रावधान अनुसार साँच्चै आधारभूत शिक्षा अनिवार्य र माध्यमिक शिक्षा नि:शुल्क गर्ने हो भने संघीय सरकारले शिक्षामा बजेट बढाउनैपर्छ । नेपालले अन्तर्राष्ट्रिय मञ्चमा कुल बजेटको १५-२० प्रतिशत वा कुल गार्हस्थ्य उत्पादनको ४-६ प्रतिशत बजेट शिक्षामा विनियोजन गर्ने प्रतिबद्धता व्यक्त गरेको छ, तर आर्थिक वर्ष २०८०/०८१ को शिक्षाको बजेट कुल राष्ट्रिय बजेटको ११.२७ प्रतिशत मात्र छ । यही बजेटले विद्यालय शिक्षासम्बन्धी संवैधानिक प्रावधान लागु गर्न किमार्थ सकिँदैन ।

साथै सबै पालिकालाई एउटै डालोमा राखेर अर्थ मन्त्रालयले सूत्र प्रयोग गरेर बजेट विनियोजन गर्ने हो भने स्थानीय आयस्रोत पटक्कै नभएका पालिकालाई अन्याय हुन्छ । त्यसैले पालिकाको आम्दानीको स्रोत ख्याल गरेर बजेट विनियोजन गर्ने प्रणालीको विकास गरिनुपर्छ ।

ससर्त अनुदानको प्रावधानले काम गर्न चाहने स्थानीय तहको पनि हात बाँधिएको छ । राज्यले पूरा गर्नुपर्ने प्राथमिकताका क्षेत्र सुनिश्चित गर्दै ससर्त अनुदानको रकम घटाउँदै जानुपर्छ । पालिकालाई प्रदान गरिने एकमुष्ठ बजेटको रकम बढाउँदै लानुपर्छ । यसले गर्दा स्थानीय निकायले शिक्षाको गुणस्तर वृद्धिमा आवश्यक बजेट विनियोजन गर्न सक्छ, तर यसका लागि स्थानीय तहलाई थप जिम्मेवार र जवाफदेही भने बनाउनुपर्छ, ताकि एक क्षेत्रको बजेट अर्को क्षेत्रमा खर्च नहोस् ।

मैले छलफल गरेका सबै पालिकामा शिक्षक दरबन्दी प्राथमिक तहमा बढी र माध्यमिक तहमा कम भएको पाइयो । त्यसैले एकपटक संघीय सरकारले देशलाई एक भूगोल मानेर आधारभूत र माध्यमिक तहका दरबन्दीको पुनर्वितरण गर्न अनिवार्य छ । तहगत रूपमा बढी दरबन्दी कटौती गर्ने र नपुग दरबन्दी सिर्जना गरेर स्थानीय तहलाई जिम्मा लगाउनुपर्छ ।

शिक्षाको समग्र सुधारमा शिक्षाको नीति, कार्यक्रम र बजेट मात्र जोडिँदैन, त्यसमा आयआर्जनका कार्यक्रम, महिला सशक्तीकरण कार्यक्रम, सामाजिक सुरक्षा, रोजगारी सिर्जना, विद्युत्, सूचना तथा सञ्चार आदि पनि जोडिएर आउँछ । सै र प्रदेशमा यी फरक-फरक मन्त्रालयअन्तर्गत पर्ने भए पनि अन्तत: कार्यान्वयन गर्ने स्थानीय तह नै भएकाले यी सबै कार्यक्रमलाई एकापसमा मिलाएर एकले अर्कोलाई सहयोग पुग्ने गरी कार्यान्वयन गर्न सकिन्छ, तर यसबारे स्थानीय जनप्रतिनिधिलाई सजग र सुसूचित गराउनु अनिवार्य छ ।

विद्यालय शिक्षालाई चुस्त, दुरुस्त बनाउँदै विद्यालयमा आधारित व्यवस्थापन पद्धति अनुसरण गरी शिक्षाको गुणस्तर वृद्धि गर्न स्थानीय तह तन, मन र धनले प्रतिबद्ध रहेको पाइन्छ, तर के गर्ने के नगर्नेमा उनीहरू अलमलमा छन् । यो प्रतिबद्धतालाई परिणाममा देखिने गरी कार्यान्वयनमा ल्याउन आवश्यक कानुन, आवश्यक वित्तीय व्यवस्थापन, आवश्यक शिक्षकको आपूर्ति र समयानुकूल पाठ्यक्रम र पाठ्यपुस्तकको व्यवस्थापन गर्ने काम प्रदेश र संघीय सरकारले प्राथमिकताका साथ पूरा गर्नुपर्छ ।

(साभार: रातोपाटी)

# आमाले बनाएकी गोलकिपर



काठमाडौं/रौतहटको चन्द्रानिगाहपुरकी अञ्जना राना मगरले १४ वर्षको उमेरमै राष्ट्रिय टिममा डेब्यु गरिन् । ७ वर्षदेखि राष्ट्रिय टिममा रहे पनि उनले वर्षमा दुई वटा खेलमा पनि पोस्ट सम्हाल्न पाएकी छैनन् । सधैं टिममा परेर पनि पहिलो रोजाइमा खेल्न विरलै अवसर पाउने उनको नियति बेञ्चमा बसेर प्रतिस्थापनको मौका कुर्नु नै हो ।

राष्ट्रिय महिला फुटबल टिमकी कप्तान समेत रहेकी एन्जिला तुम्बापो सुब्बाले नियमित रूपमा पोस्ट सम्हाल्ने अवसर पाइरहँदा अञ्जना वैकल्पिककै रूपमा रहनु परेको छ । बेञ्चमा उनले धैर्य गरेर खेल्ने अवसर कुर्नु परेको छ । 'अहिलेसम्म धैर्य गरिरहेकै छु, ७ वर्ष भयो, कहिलेकाहीं दिमागमा सधैं यस्तै हो कि भन्ने सोच आउँछ', उनी भन्छिन् ।

तर पनि निराश हुन्नन् । वैकल्पिक नै रहे पनि जति बेला उनले मौका पाउँछिन्, त्यति बेला आफूलाई प्रमाणित गर्दै आएकी छिन् । 'मौका पाएको बेलामा म कसैलाई भन्ने अवसर दिन्नँ, किन यो दोस्रो रोजाइमा परेकी रहिछ भन्ने मौका नै दिन्नँ, किनकि पाएको बेलामा मैले गरेर देखाउँछु भन्ने नै हुन्छ ।'

उनले भने जस्तै मौका पाएको बेला गरेर देखाएकी छिन् । असारको अन्तिम हप्ता साफ च्याम्पियन बंगलादेशलाई उसकै घरेलु मैदानमा हराउँदा अञ्जनाले टाइब्रेकरमा उत्कृष्ट प्रदर्शन गरिन् । उनले बंगलादेशका दुई खेलाडीको पेनाल्टी बचाइन् ।

अञ्जनाले सामसुन्हारको पहिलो प्रहार बचाउन सकिनन् । तर शेउली अजिमको दोस्रो र मारिया मान्डाको तेस्रो बल बचाइन् । उनकै प्रदर्शनको मद्दतमा उक्त खेलमा बंगलादेशलाई टाइब्रेकरमा ४-२ ले पराजित गर्दै नेपालले शृंखला जित्यो । टाइब्रेकरमा पुग्नुअघि दुवै टिमले गोल गर्न सकेका थिएनन् । यी दुईले पहिलो खेल भने १-१ को बराबरी गरेका थिए ।

'पहिलो खेलमा मौका पाइनँ । दोस्रो खेलमा मौका पाएँ भने गरेर देखाउँछु भन्ने थियो' कप्तान एन्जिलालाई प्रतिस्थापन गर्दै मैदान छिरेकी अञ्जनाले भनिन्, 'दोस्रो खेलमा मौका पाएँ । देखाउन पनि पाएँ । खुसी छु ।'

हुन त खेल टाइब्रेकरमा पुगेमा अञ्जनालाई नै पोस्टको जिम्मेवारी दिने पूर्वतयारी थियो । जसका लागि उनीमाथि प्रशिक्षक अनन्त थापा र नेपाली टिमले पूरा विश्वास गरेको थियो ।

'टाइब्रेकर भयो भने मलाई छिराउने भन्ने योजना थियो । त्यसैले म पहिलादेखि नै तयार पनि थिएँ' उनले भनिन्, 'मैले मौका पाएँ भने, म मेरो देशको लागि जित दिलाउँछु भन्ने थियो । मौका पाएँ, जिताउन पनि पाएँ ।'

शेउली अजिमको प्रहार बचाएपछि नेपालका लागि तेस्रो पेनाल्टी हान्न उनी नै अघि सरिन् । तर उनको प्रहार बारमा लाग्दै बाहिरियो । 'मैले सायद हतार गरें, दोस्रो पेनाल्टी बचाएपछि लगत्तै मैले पेनाल्टी नलिएको भए राम्रो हुन्थ्यो', आफ्नो प्रहार चुक्नुको कारण खुलाइन् उनले, 'म त्यति बेला नर्भस थिएँ । त्यही भएर पनि मैले गोल गर्न सकिनँ । मैले अर्को पटकको पेनाल्टी लिएको भए हान्न सक्थें कि ? यो एउटा सिकाइ भएको छ ।'

साफमा खोसिएको साख फर्काउने मौका थियो नेपालका लागि बंगालदेशसँगको मैत्रीपूर्ण खेल । भदौमा काठमाडौंमा भएको साफ च्याम्पियनसिपमा ३-१ ले हराउँदै बंगलादेशले उपाधि उचालेको थियो । त्यसको बदला लिन पाएकोमा नेपाली टिम खुसी छ । 'त्यो एकदमै खुसीको पल थियो । हामीले साफमा जसरी घरेलु मैदानमा डोमिनेट भएर उपाधि गुमाएका थियौं त्यसरी नै हामीले उनीहरूलाई घरेलु मैदानमा डोमिनेट गरेर उपाधि ल्याउन पाउँदा खुसी लाग्यो ।'

**उमेर समूहबाट खोलेको राष्ट्रिय टिमको ढोका**

रौतहटमा जन्मिएकी उनले विद्यालयस्तरको फुटबल प्रतियोगिताबाट खेल्न सुरु गरेकी हुन् । ११ वर्षको उमेरबाट आमाको इच्छाले फुटबल खेल्न सुरु गरेकी उनले त्यसको ३ वर्षमै राष्ट्रिय टिममा मौका बनाइन् ।

घरबाट २ किलोमिटर टाढाको मैदानमा उनलाई फुटबल खेल्न लैजाने उनकी आमा सुशीला थिइन् । 'मलाई फुटबलमा इच्छा थिएन । घर छिमेकका दिदीहरू फुटबल खेल्न जाँदा ममीले उनीहरूलाई मलाई पनि लैजान भन्नुहुन्थ्यो । तर म जाँदिनथें' उनले बाल्यकाल सम्झिन्, 'पहिलो पल्ट ममीले नै मलाई साइकलमा राखेर मैदानसम्म पुऱ्याउनुभएको हो ।'

घरकी कान्छी छोरी अञ्जनालाई सुशीलाले आफ्नै रहरमा फुटबल खेलाइन् । आमाको करमै फुटबलको मैदान पुगेकी अञ्जनालाई सुरुमा कर लागे पनि फुटबल रहर भयो । खेल्दै जाँदा अञ्जनाको मन फुटबलमै बस्यो ।

सुरुमा खेल्दा उनलाई अगाडि बस्ने गोल हान्ने रहर थियो, उनको उचाइ देखेर प्रशिक्षकले गोलकिपर बन्न हौस्याए, आमालाई सम्झाए । 'मलाई गुरुले तिम्रो उचाइ राम्रो छ, गोलकिपर खेल्नुपर्छ भनेर सम्झाएपछि मैले गोलकिपर खेल्न थालेकी हुँ' उनले भनिन्, 'किपरमा पनि मैले ममीकै कारणले खेलेकी हुँ ।'

विद्यालयमा सँगै पढ्ने साथीहरूसँग फुटबल मैदानमा पनि भेट हुन थालेपछि उनलाई फुटबल छाड्नै मन लागेन । दुई दाजु र एक दिदी पछिकी प्यारी बहिनी अञ्जनाले पहिलो पटक खेलेको प्रतियोगिता कोकाकोला कप अन्तर विद्यालय फुटबल प्रतियोगिता थियो । जुन खेल उनले रौतहटको जनज्योति माध्यमिक विद्यालयबाट खेलेकी थिइन् ।

यू-१४ छनोटमा उनले रौतहटबाट मौका पाउने सम्भावना थिएन । महिला फुटबलको उत्पादन हब रहेको रौतहटमा त्यति बेला उनी भन्दा सिनियर दुई गोलकिपर थिए । त्यसैले उनी छनोट खेल्न सर्लाही पुगिन् । सर्लाहीबाट छनोट भएर उनले काठमाडौं आउने मौका पाइन् ।

उनले भनिन्, 'म ढिलो प्रशिक्षणमा गएको थिएँ । त्यति बेला रौतहटमा धेरै खेलाडी हुने, अनि सर्लाहीमा खेलाडी खासै नहुने भएकाले रौतहटकै टिम ए रौतहटबाट र टिम बी सर्लाहीबाट खेल्ने भन्ने हुन्थ्यो । मैले सर्लाहीबाट यू-१४ छनोट खेलेर त्यहींबाट छनोट भएर काठमाडौं आएको हो ।'

छनोट प्रतियोगिताले नै उनका लागि काठमाडौं आउने बाटो खोल्यो । सोही खेलबाट नै उनी २०१६ मा यू-१४ टिममा संलग्न भइन् । यू-१४ प्रतियोगिता खेलेर आएपछि उनी घर फर्किइन् । घर फर्किएपछि लगत्तै आइरहेको प्रधानसेनापति कप खेल्न रौतहटकी पहिलो रोजाइकी सिनियर किपर चोटग्रस्त हुँदा उनले रौतहटबाट नै खेल्ने मौका पाइन् ।

'त्यहाँ दिदी इन्जोर्ड हुँदा मैले मौका पाएँ । त्यो खेलमा हामीले आर्मीसँग खेल्दा २-२ को बराबरी भयो । टाइब्रेकरमा खेल पुगेको थियो जसमा मैले आर्मीको दुई वटा पेनाल्टी सेभ गरेकी थिएँ, खेल हामीले जित्यौं । सोही खेल नै मेरो लागि राष्ट्रिय टिममा र आर्मीको टिममा आउने माध्यम बन्यो', अञ्जनाले भनिन् ।

यू-१४ मा ताजकिस्तानको यात्राले अञ्जनालाई प्रशस्त 'एक्सपोजर' दियो । त्यसपछि उनी नियमित रूपमा रौतहटबाट खेल्न सुरु गरिन् । जिल्ला फुटबलमा र हँदा उनलाई पहिलो प्रशिक्षण दिने गुरु हुन् स्वर्गीय शेरबहादुर दर्लामी ।

**राष्ट्रिय टिममा डेब्यु गर्ने कान्छी खेलाडी**

सन् २०१६ मा एन्फा कम्प्लेक्सस्थित मलेसियासँगको मैत्रीपूर्ण खेलमा अञ्जनाले १४ वर्षको उमेरमा राष्ट्रिय टिममा डेब्यु गरेकी थिइन् । राष्ट्रिय टिमकी पहिलो रोजाइको गोलकिपर एन्जिला तुम्बापो सुब्बालाई ७५औं मिनेटमा प्रतिस्थापन गर्दै उनले सिनियर टिममा डेब्यु गरेकी हुन् ।

यू-१४ र प्रधानसेनापति कपमा गरेको प्रदर्शनले उनलाई राष्ट्रिय टिमसम्म पुऱ्याएको थियो । 'डेब्यु गर्दा पनि मैले राम्रो खेलेको जस्तो लाग्छ । मैले मौका पाएका हरेक खेलमा आफूलाई प्रमाणित गरेको महसुस हुन्छ', अञ्जनाले आफ्नो अनुभव सुनाइन् ।

राष्ट्रिय टिममा परेपछि उनी रौतहटमै अभ्यास गरिरहेकी थिइन् । आर्मीका एक जना अफिसर उनको घरमै पुगे । आर्मीको महिला टिमसँग सम्झौता गर्नका लागि बुबाआमासँग अनुमति मागे ।

'त्यतिबेला म रौतहटमा नै प्रशिक्षण गर्थें । म आर्मीमा जान्नँ भनेर बाबा-ममी र प्रशिक्षकलाई सम्झाएकी थिएँ । पछि आर्मीको सर मगर नै हुनुहुँदोरहेछ । मगर भाषामा हजुरबुबासँग कुरा गर्नुभयो, अनि बुबाकै कारणले घरमा सबै जनाको सल्लाह मानेर म आर्मीमा आबद्ध भएँ ।'

७ वर्षअघि १४ वर्षको उमेरमा आर्मीमा आबद्ध भएकी उनी कडा अभ्यास गर्दै क्लबको पहिलो रोजाइको गोलकिपर बन्न सफल भइन् । हालसम्म पनि करारमा रहेकी अञ्जना अब भने भविष्यका बारेमा सोच्ने र विभागमा आबद्ध हुने तयारीमा छिन् ।

**यू-१९ टिमको कप्तान**

राष्ट्रिय टिमको बेञ्चमै सीमित बनिरहँदा अञ्जनाले आफ्नो क्षमता देखाउन मौका कुरिरहेकी थिइन् । मौकाको खोजीमा रहेकी अञ्जनाका लागि सन् २०२१ को अन्त्य भने सम्झनलायक बन्यो ।

सिनियर राष्ट्रिय टिममा पहिलो रोजाइका लागि संघर्ष गरिरहेकी अञ्जनालाई २०२१ को डिसेम्बरमा नेपाली यू-१९ टिमको कप्तानी गर्ने मौका मिल्यो ।

बंगलादेशमा भएको यू-१९ महिला साफ च्याम्पियनसिप जित्ने धोको पूरा नभए पनि उनले आफ्नो क्षमता देखाउँदै सबैको ध्यान खिचिन् । 'जब मैले आर्मब्यान्ड लगाएर नेपालको प्रतिनिधित्व गर्ने मौका पाएँ त्यसपछि झन् मैले समर्थकहरू धेरै पाउन थालें', अञ्जनाले भनिन् ।

२०२१ डिसेम्बर तेस्रो साता ढाकामा भएको प्रतियोगिताको समूह चरणका सुरुवातमा तीनमध्ये दुई खेलमा नेपालले जित हात पार्दा कुनै गोल खाइनन् । चौथो खेल तथा महत्वपूर्ण भारतसँग एक गोलले पराजित हुँदा नेपालको फाइनल पुगेर च्याम्पियन हुने सपनामा भारत बाधक बनेको थियो ।

यसरी उमेर समूहमा यू-१९ को कप्तानी गरेसँगै खेलप्रतिको लगावले उनले सामाजिक सञ्जालमा पनि धेरै समर्थक पाएकी छिन् । हाँस्दा गालामा देखिने डिम्पलका कारण उनलाई 'क्युट फुटबलर' भन्ने उपनाम दिन थालियो ।

'यू-१९ मा कप्तान ब्यान्ड लगाएपछि विदेशमा पनि फ्यानहरू हुनुभएको छ । मेरो बंगलादेशमा धेरै फ्यान छन् । उहाँहरूको माया देख्दा खुसी लाग्छ ।' उनको सामाजिक सञ्जाल इन्स्टाग्राममा ५१ हजारभन्दा बढी फलोअर्स छन् । उनी नेपाली महिला फुटबलरमा सबैभन्दा बढी समर्थक हुने खेलाडी हुन् ।

'समर्थकको माया मैले खेलकै कारण पाएको हो । कहिलेकाहीं उहाँहरूलाई मैले देखाउन पाउँदिन, मैले खेल खेल्न नपाउँदा निराश हुनुहुन्छ । तर मैले अवसर पाउँदा उहाँहरूलाई निराश बनाउन चाहन्नँ' अञ्जनाले भनिन् ।

**अन्तर्राष्ट्रिय लिग खेल्ने सपना**

अञ्जनालाई गत सिजनमा भारतीय महिला लिग खेल्ने प्रस्ताव आएको थियो । तर ढिलो प्रक्रिया गर्दा उनले लिग खेल्न पाइनन् । तर उनी भारतीय लिग खेल्न चाहन्छिन् ।

'मेरो सपना भनेको भारतीय लिग खेल्ने हो, जसरी दिदीहरूले खेल्न गइरहनुभएको छ त्यसरी नै जाने हो ।' गत सिजनमा नेपालका ६ जना फुटबलरले भारतीय लिग खेलेका थिए ।

उनी भारतीय लिगदेखि पछि गएर सावित्रा भण्डारी जस्तै गरी युरोपियन लिगसम्म पुग्ने सपना बोक्छिन् । 'अहिले विस्तारै गर्दै जाऔं, पछि दिदीहरूले देखाएको बाटो पछ्याउँदै माथि पनि जान मन छ', अञ्जनाले भनिन् ।

२१ वर्षकी अञ्जनाले पहिला भन्दा अहिले महिला फुटबलमा भविष्य बन्दै गरेको देख्छिन् । खेल्नका लागि विदेश गए पनि विदेश पलायन हुने सोच भने उनीमा छैन । 'अहिले मेरो सोच देशकै लागि खेल्ने हो, बाहिर जाने भन्ने सोच छैन । अहिले खेलका लागि गए पनि पलायन नै हुने सोच भने छैन ।'

*(स्रोतः अनलाइनखबर)*

# बोर्डले फिल्मको कमाई सार्वजनिक गरेकोमा करिश्माको आपत्ति



काठमाडौं/निर्माताहरुबीच फिल्मको कमाई धेरै देखाउने होडबाजी छ । १० लाख कमाएको फिल्मले ५० लाख र ५० लाख कमाएको फिल्मले डेढ/दुई करोड कमायो भन्दै निर्माताले झ्याली पिट्ने गरेका छन् । हलहरुमा बक्सअफिस सिस्टम कार्यान्वयन नहुँदासम्म मिडियाले समेत निर्माता र वितरककै बोली पत्याउनु पर्ने अवस्था थियो । र, मिडियालाई प्रयोग गरेर निर्माताले करोडौंको डंका पिट्ने गर्थे ।

देशका धेरैजसो हलमा बक्स अफिस सिस्टम लागू भएपछि चलचित्र विकास बोर्डले यस वर्षदेखि स्वदेशी र विदेशी फिल्मको कमाई सार्वजनिक गर्न थालेको छ, जुन धेरै निर्मातालाई टाउको दुखाइको विषय बनिरहेको छ । किनकि, मिडियाले बोर्डको रिपोर्टलाई नै आधार मान्न थालेको छ । जसले गर्दा निर्माताले फिल्मले करोडौं कमाइसक्यो भन्दै न हल्लाखल्ला गर्न पाएका छन् न केक काट्न ।

बोर्डले फिल्मको कलेक्सन रिपोर्ट सार्वजनिक गर्न थालेकोमा धेरै निर्माता खुसी छैनन् । यसबीच, अभिनेत्री करिश्मा मानन्धरले पनि फिल्मको कमाई सार्वजनिक गर्ने बोर्डको कदमप्रति आपत्ति जनाएकी छन् । फिल्म प्रदर्शन भैरहेको समयमा कमाई सार्वजनिक गर्नु ठीक नभएको बताउँदै उनले फिल्म नउत्रिएसम्म व्यापार सार्वजनिक गर्न नपाउने नियमको लागि पहल गर्नुपर्ने बताएकी छिन् ।

'जबसम्म फिल्म चलिरहेको हुन्छ, तबसम्म दर्शक तान्ने सम्भावना रहिरहन्छ । फिल्म चलेको दुई दिनमै यति कमायो र उति कमायो भनेर समाचार सार्वजनिक गर्नु बोर्ड जस्तो जिम्मेवार निकायले गर्ने कुरा हो जस्तो लाग्दैन,' उनी फेसबुकमा लेख्छिन्, 'सबै मिलेर कानुनी रुपमा नै जबसम्म फिल्म हलबाट उत्रिँदैन तबसम्म व्यापार सार्वजनिक गर्न नपाउने नियमको लागि पहल गर्नुपर्ने देखियो ।'

बोर्डको स्थापना गलत समयमा सूचना प्रकाशित गर्नका लागि नभएको उनको तर्क छ । बोर्डले फिल्मको कमाई सार्वजनिक गरेको विषयमा करिश्माले यसकारण आपत्ति जनाएकी हुन् कि उनको मुख्य भूमिका रहेको फिल्म 'बगान'को कमाई बोर्डले मिडियालाई उपलब्ध गराउँदै आएको रिपोर्टमा कमजोर देखिएको छ । फिल्मकी निर्मात्री समेत भएकाले करिश्मालाई यो सह्यै हुने कुरै भएन ।

बोर्डको रिपोर्टमा 'बगान'को कम कमाई देखिएपछि सोमबार निर्माण टिमले वितरक कम्पनीबाट प्राप्त १० दिनको कलेक्सन रिपोर्ट सार्वजनिक गरेको छ । जसमा फिल्मले ६९ लाख ७८ हजार १ सय ९१ रुपैयाँ कमाएको उल्लेख छ । तर, बोर्डमा फिल्मको कमाई योभन्दा केही कम देखिन्छ । निर्माताले दर्शकलाई हलसम्म तान्न फिल्मको कमाई धेरै देखाएको हुनसक्ने कतिपयको टिप्पणी छ ।

# 'नाङ्गो गाउँ' टिजरमा राजनीति र प्रेम

काठमाडौं/सुपरहिट फिल्म 'छ माया छपक्कै'पछि निर्देशक दीपेन्द्र लामाले एकपटक फेरि राजनीतिक विषयमा फिल्म 'नाङ्गो गाउँ' बनाएका छन् । सोमबार सार्वजनिक फिल्मको टिजरमा स्वार्थ केन्द्रित राजनीतिले समाजमा पारेको प्रभावलाई देखाइएको छ । राजनीतिका खेलाडी शिशिर वाङ्देल र शिक्षण पेशाबाट राजनीतिमा होमिएका दयाहाङ राईबीचको राजनीतिक टकरावमा ट्रेलर केन्द्रित छ ।

फिल्ममा दयाहाङ र मिरुना मगर श्रीमान्-श्रीमतीको भूमिकामा छन् । दयाहाङ इमानदार शिक्षक हुन् । गाउँकै स्कुलमा अध्यापन गराउँछन् । भोट दिएर जिताएको नेताले गाउँमा विकास नगरेपछि गाउँलेहरुको आग्रहमा उनी चुनाव लड्न मैदानमा उत्रिन्छन् । उनको चुनावी भिडन्त शिशिरसँग हुन्छ । कर्मा र साम्राज्ञी आरएल शाहलाई भने टिजरमा प्रेम जोडीको रुपमा चित्रित गरिएको छ ।

जय श्रेष्ठ निर्माता रहेको फिल्मको प्रस्तुतकर्ता हिमाल शर्मा हुन् । रामहरी श्रेष्ठ कार्यकारी निर्माता रहेको फिल्ममा कमलमणी नेपाल, रविन्द्र झा, वुद्दि तामाङ, विशाल पहारी, राज थापा, अंकित खड्का, निमा पाण्डे, ज्ञानुभाई जोशी, पुष्कर गुरुङ, शिशिर तामाङ, श्रद्धा गिरी, केशव राई, सविन बास्तोला, रामकाजी घिमिरे, शंकर आचार्य, इस्तु कार्की, टिका निरौलालगायतको पनि अभिनय छ ।

फिल्ममा रोहित शाक्य तथा शैलेश श्रेष्ठको ब्याकग्राउन्ड स्कोर, एसडी योगी तथा दीपक शर्माको संगीत, राजेश अर्याल तथा दीपक शर्माको शब्द, आलोक शुक्लाको छायांकन, बनिष शाहको सम्पादन र रामजी लामिछानेको कोरियोग्राफी छ । निर्देशक लामाले नेपाली समाजको एउटा मौलिक कथालाई पर्दामा उतार्ने प्रयास गरेको बताएका छन् । यो फिल्म भदौ २९ गतेबाट प्रदर्शन हुँदैछ ।

# 'जय हो' चल्नुपर्ने दबाबमा सलोन

काठमाडौं/अभिनेता सलोन बस्नेतको अभिनयमा खोट दिने ठाउँ कमै भेटिन्छ । बाल्यकालदेखि नै अभिनयमा भिजेकाले उनी अनुभवी छन् । चलबुले स्वभावको चरित्रमा रुचाइएका उनलाई लिड हिरोभन्दा हिरोलाई साथ दिने भूमिका बढी फापेको छ । उनको प्रयास भने आफ्नै स्टारडमले फिल्म चलाउने छ । तर, उनको त्यो सपना पूरा हुन पाएको छैन । अब उनलाई फिल्म 'जय हो'बाट आशा छ ।

फिल्ममा नाम चलेका कलाकारहरुको जत्था भएपनि कथा सलोनमा नै केन्द्रित छ । त्यसमाथि फिल्म उनको होम प्रोडक्सनको हो । जसले गर्दा यसपटक सलोन फिल्म व्यावसायिक रुपमा सफल हुनुपर्ने दबाबमा छन् । यसैले हुनसक्छ, फिल्म रिलिजको एक महिना अगावैदेखि उनी प्रचारमा दौडिरहेका छन् । सलोनको दौडधुप हेर्दा फिल्मप्रति उनले ठूलो अपेक्षा राखेको बुझ्न सकिन्छ ।

आइतबार सलोन पिता तथा फिल्मका प्रस्तुतकर्ता शोभित बस्नेत र अभिनेत्री केकी अधिकारीको साथमा 'जय हो'को प्रचार गर्नका लागि कमलादीस्थित प्रज्ञा भवन पुगेका थिए । त्यहाँ एपेक्स कलेजले एकदिने सांस्कृतिक कार्यक्रम आयोजना गरेको थियो । सयौंको संख्यामा उपस्थिति रहेको कार्यक्रममा फिल्मको टिजर तथा गीत देखाइएको थियो भने सलोन र केकीले फिल्म हेर्न निम्तो दिए । त्यहाँ सलोनले आफूले अभिनय गरेका केही फिल्मका संवाद बोल्नुका साथै गीत गाएर कलेजका विद्यार्थीलाई मनोरञ्जन प्रदान गरे ।

# एक वर्षमा भित्रियो साढे ३ हजार किलो सुन

काठमाडौं/नेपालमा एक वर्षमा साढे ३ हजार किलो सुन वैधानिक प्रणालीबाट आयात भएको देखिएको छ । भन्सार विभागले सार्वजनिक गरेको आर्थिक वर्ष २०७९/८० को अन्तर्राष्ट्रिय व्यापारको तथ्याङ्कअनुसार नेपालले ४३ अर्ब ८९ करोड रुपैयाँ बराबर मूल्यको सुन नेपाल भित्रिएको हो । विभागका अनुसार उक्त परिमाणको सुन आयातबाट सरकारले ३ अर्ब १२ करोड रुपैयाँ हाराहारी राजस्व संकलन गरेको छ । सरकारले ल्याउन दिने कोटाअनुसार बैंकहरुले २२ अर्ब ३५ करोड रुपैयाँको सुन आयात गरेका थिए भने यात्रामा गएका तथा वैदेशिक रोजगारीबाट फर्किएका नेपालीले भन्सार तिरेर ल्याएको सुनको मूल्य २१ अर्ब ५४ करोड रुपैयाँ बराबर रहेको विभागले जनाएको छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

"तपाई, हामी सबैको कुरा"

साझाकुरा

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

प्रकाशनको वर्षदेखि निरन्तर 'क' वर्गमा सूचिकृत

साझाकुरा राष्ट्रिय दैनिक



वेवसाइटमा संसारभरबाट पढ्न सकिनन्छ ।
www.sajhakuranews.com

भर्ना खुल्यो ! भर्ना खुल्यो !

3 YEARS H.A.
LAB TECHNICIAN
RADIOGRAPHY

SEE/SLC पास पछिको ३ वर्षे प्रमाणपत्र तहमा CTEVT बाट मान्यता प्राप्त यस शिक्षण संस्थामा शैक्षिक सत्र २०८०/०८१ को लागि निम्न कार्यक्रमहरूमा भर्ना खुल्यो । मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका (SEE/SLC) परीक्षामा अनिवार्य गणित, अंग्रेजी र विज्ञान विषय लिई समग्रमा Grade Point Average (GPA) न्यूनतम २ प्राप्त हुनु पर्नेछ ।

MTI का विशेषताहरू
- उत्कृष्ट एवं अनभवी प्राध्यापकहरूद्वारा अध्यापन गराईने
- उत्कृष्ट पूर्वाधार प्राप्त - OJT को व्यवस्था
- स्वच्छ, शान्त, पारिवारिक एवं मनोरम शैक्षिक बातावरणमा पठनपाठन हुने
- विद्यार्थीहरूलाई प्रोजेक्टरको माध्उमबाट पठनपाठन गराईने
- उत्कृष्ठ ल्याबको सुविधा

स्वीकृत सिट संख्या
Health Assistant - ४० सिट
Lab Technician - ३० सिट
Radiography - ३० सिट
Physiotherapy - ४० सिट

फारम शुल्क रु.१५००/-

- फारम वितरण मिति: २०८०/०३/२९ गते शुक्रवार देखि
- फारम बुझाउने अन्तिम मिति: २०८०/०४/१२ गते शुक्रवार बेलुका ४:३०

मकवानपुर टेक्निकल इन्ष्टिच्युट
हेटौंडा-४, भैरव रोड, सम्पर्क : ०५७-५२१८५२

# नक्कली कार्यालय खोलेर ठगेको आरोपमा मकवानपुरका 'लीला' पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, ८ साउन/विश्व खाद्य कार्यक्रमको कार्यालय खोली ठगी गर्ने दुईजना पक्राउ परेका छन् । ठगीमा संलग्न तीनजना फरार छन् । जिल्ला प्रहरी परिसर काठमाडौंले सोमबार पत्रकार सम्मेलन गर्दै बुढानीलकण्ठमा घर भाडामा लिई खाद्य कार्यक्रमको कार्यालय खोलेको र बोलपत्र आह्वान गरेर ठगी गरेको आरोपमा प्रहरीले पक्राउ गरी सार्वजनिक गरेको हो ।



पक्राउ पर्नेमा मेलम्ची घरभई गोकर्णेश्वर बस्ने जयराम केसी भन्ने घनश्याम कटुवाल र मकवानपुर घरभई बूढानीलकण्ठ बस्ने दिनेश भन्ने लिलाबहादुर भोलोन छन् । त्यस्तै दीपेश गुरुङ भन्ने भीम भोलोन, आकाश राई भन्ने मिलन तामाङ र पेम्बा तामाङ नाम बताउने व्यक्ति फरार रहेकोले खोजी भइरहेको प्रहरीले बताएको छ ।

उनीहरुले गत जेठ १ गते विश्व खाद्य कार्यक्रमको कार्यालय खोली फर्निचरलगायतका कार्यालय सञ्चालनका लागि आवश्यक पर्ने विभिन्न समानहरु तथा खाद्य सामग्रीहरु खरिद गर्न बोलपत्र आव्हान गरी, बोलपत्र स्वीकृतसमेत गरी विभिन्न सामान ल्याई रकम भुक्तान नगरेको जिल्ला प्रहरी परिसर काठमाडौंका प्रमुख प्रहरी वरिष्ठउपरीक्षक दानबहादुर कार्कीले जानकारी दिए ।

प्रहरीका अनुसार घनश्यामले आफू प्रमुख रहेर केही महिनाअघि बुढानीलकण्ठमा मासिक एक लाख ८० हजार रूपैयाँ भाडा तिर्ने गरी गत जेठ १ गते घरमा कार्यालय राखेका थिए । उनले आफूलाई नेपाल सरकारको उपसचिवका रुपमा त्यस कार्यालयमा चिनाउने गरेको प्रहरी अनुसन्धानबाट खुलेको छ । प्रहरीका अनुसार कटुवालले कार्यालय सञ्चालनका लागि आवश्यक फर्निचरलगायत सामग्रीका लागि जेठ ६ गते राजधानी राष्ट्रिय दैनिकमा ६ करोड ५० लाख रुपैयाँ बराबरको बोलपत्र आह्वान सम्बन्धी विज्ञापनसमेत गरेको पाइएको छ । तर, सप्लाइकर्तालाई कटुवालले सामानको भुक्तानी नगरेपछि ठगीधन्दा बाहिरिएको हो ।

उनले शंकर अर्याल भन्ने व्यक्तिसँग स्कार्पियो भाडामा लिएको र ६ लाख १२ हजार ५ सय रुपैयाँ नगद पनि ठगेको, हरिप्रसाद अर्यालसँग ४८ लाख रुपैयाँको बोलपत्र स्वीकृत गरी ८ लाख ३६ हजार ९ सय रुपैयाँको सामान लगेर भुक्तानी नगरेको, नवराज पाण्डेसँग ८५ हजार रुपैयाँ बराबरको सामान लगेर भुक्तानी नगरेको, दीपेन्द्र धरेलसँग १५ लाख ६० हजार ३ सय ४ रुपैयाँ बराबरको सामान लगेर भुक्तानी नगरेको, गणेश शाहसँग बोलपत्रको धरौटीबापत ११ लाख २७ हजार ९ सय ५० रुपैयाँ ठगी गरेको आरोप लागेको छ ।

कटुवालको कार्यालयबाट नेपालको राष्ट्रिय झण्डाहरु, अन्तर ाष्ट्रिय खाद्यसुरक्षा कार्यक्रम लेखिएको छाप र लेटरप्याडलगायत सामग्री बरामद भएको छ । कटुवलाले आफ्नो कार्यालयमा शाखाअधिकृतदेखि प्राविधिक इन्जिनियर र जनसम्पर्क अधिकृतसम्म पद बिभाजन गरेर कर्मचारी राखेका थिए । प्रहरीका अनुसार कटुवाल केही महिनाअघि मात्र बैंकिङ कसुर र ठगी मुद्दामा ३ वर्ष जेल बसेर छुटेका थिए । प्रहरीले कटुवालबाहेक ४० वर्षीय लीलाबहादुर भोलोनलाई पनि पक्राउ गरेको हो ।

# मुख्यमन्त्रीलाई फेकोफनको ज्ञापन

साझाकुरा संवाददाता

हेटौंडा, ८ साउन/ सामुदायिक वन उपभोक्ता महासंघ, बागमती प्रदेशले बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जमरकट्टेललाई आईतावर ज्ञापनपत्र बुझाएको छ ।

फेकोफन बागमती प्रदेशका अध्यक्ष विनोद सापकोटाको नेतृत्वमा गएको टोलीले मुख्यमन्त्री जमरकट्टेलाई प्रदेशले लगाएको २० प्रतिशत शुल्क हटाउन माग गर्दै ज्ञापनपत्र बुझाएको हो ।

ज्ञापनपत्रमा बागमती प्रदेशको वन ऐन २०७६ को दफा ३८ (३) मा सामुदायिक वनको वनपैदावार विक्रीबाट प्राप्त रकमको १० प्रतिशत रकम प्रदेश कोषमा जम्मा गर्नुपर्ने व्यवस्था गरिएकोमा बागमती प्रदेशको आर्थिक ऐन २०८० मा दफा २० थप गरी यो कर रकम बढाई २० प्रतिशत रकम प्रदेश कोषमा जम्मा गर्नुपर्ने व्यवस्था गरेकोमा महासंघले विरोध गरेको छ ।

बागमती प्रदेश सरकारको आर्थिक ऐन २०८० को दफा २० मा सामुदायिक वन उपभोक्ता समूहले २० प्रतिशत रकम प्रदेश कोषमा जम्मा गर्नुपर्ने व्यवस्था गरिएका कारण सामुदायिक वन संरक्षण र व्यवस्थापनमा नकारात्मक असर पर्ने भएको र यो व्यवस्था अत्यन्त अस्वाभाविक र अन्यायपूर्ण भएको हुँदा प्रदेश सरकारको आर्थिक ऐन २०८० को दफा २० मा गरिएको व्यवस्था तत्काल हटाई प्रदेश सरकारको आर्थिक ऐन २०८० को दफा १२ बमोजिम सामुदायिक वन उपभोक्ता समूहलाई लगाईएको वनपैदावार शुल्क छुट हुनेगरी प्रदेश राजपत्रमा सूचना प्रकाशन गर्न ज्ञापनपत्रमा माग गरिएको छ ।

## प्रदेश राजधानीमै...

त्यहाँको स्थानीयबासी आपतविपत तथा बिरामी भएको बेलामा एम्बुलेन्स तथा अन्य सवारीलाई समेत फोन गरेर बोलाउन नपाएको स्थानीय आरती मोक्तान बताउँछिन् । 'हिउँदमा बाटो खुल्छ, मोटरसाइकल भएको छिमेकीलाई तेल खर्च दियो भने लगिदिन्छन्,' उनले भनिन्, 'बर्खामा बाटो बन्द भएपछि डोको र स्टेचरमा बिरामी बोक्नु बाहेक अरु विकल्प छैन ।'

निर्वाचनको बेलामा टावर भरपर्दो टेलिफोन सेवा (टावर) को व्यवस्थापन गर्ने आश्वासनपछि हर्षित हुँदै त्यहाँका स्थानीयले भोट दिएर जिताए । तर, पटक-पटक टावर राख्न माग गरेपनि उपमहानगरपालिका र दुसञ्चार प्राधिकरणले सम्बोधन नगरेको स्थानीयहरु बताउँछन् ।

हेटौंडा उपमहानगर पालिकाकी मेयर मीनाकुमारी लामाले टावर व्यवस्थापनका लागि टेलिफोन सेवा प्रदायकसँग माग गरिएको बताइन् । त्यहाँ कहिलेसम्ममा टावरको व्यवस्थापन गर्नुहुन्छ ? भन्ने हाम्रो प्रश्नमा हेटौंडा उपमहानगरलाई स्मार्ट सिटी बनाउने योजना रहेकी मेयर लामाले भनिन्, 'हामीले पनि दूरसंचार सेवाप्रदायकलाई भनिरहेका छौं, टावर हाल्ने हाम्रो काम होइन ।'


## डेंगीबाट बच्ने उपायहरू:

- बिहान, दिउँसो तथा साँझको समयमा लामखुट्टेको टोकाईबाट डेंगी लाग्न सक्दछ।
- लामखुट्टेबाट बच्न पूरै शरिर ढाक्ने लुगा लगाऔं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं।
- पानी राखेको भाँडालाई छोपेर राखौं।
- दिउँसो पनि लामखुट्टे भगाउने धूप बालौं र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली वा सुत्रुने बेलामा झुल लगाएर सुतौं।
- अध्याँरा कुना-काप्चामा किटनाशक औषधि छर्कने गरौं।
- कम्तीमा हप्ताको एक पटक एयर कुलर, पानी ट्यांकी, फूलदानी, गमलामा राखिएका प्लेटहरु राम्ररी सफा गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


# मुआब्जा दिएर सडक विस्तार गर्नुपर्छ: निर्माण व्यवसायी संघ

साझाकुरा संवाददाता

हेटौंडा, ८ साउन/हेटौंडा बजार क्षेत्रको सडक विस्तारको विषयमा निर्माण व्यवसायी संघ मकवानपुरले सोमबार प्रेस विज्ञप्ती जारी गर्दै सडक विस्तार हुनुपर्ने तर, मुआब्जा नपाएका घर/जग्गाधनीहरुले क्षतिपूर्ति पाउनुपर्ने धारणा अघि सारेको छ ।

सोमबार संघका महासचिव राजेन्द्रप्रसाद चौलागाईले विज्ञप्ती जारी गर्दै डिभिजिन सडक कार्यालयले २५ मिटर सडक सीमाभित्र पर्ने संरचना हटाउन ३५ दिने सूचना जारी गरेको र मापदण्ड अनुरुप सडक फराकिलो बनाउने धारणा स्वागतयोग्य रहेको बताएका छन् ।

विज्ञप्तीमा भनिएको छ, सडक फराकिलो बनाउनुपर्छ तर, विकासको नाममा मुआब्जा नपाएका घरधनीको बास नै नहरने गरी सडकमा पुऱ्याउने कार्य जनताको अभिभावकको जिम्मेवारीमा रहेको सरकार पक्षबाट हुन नहुने र व्यवसायीको उचित व्यवस्थापन गरेर मात्र सडक विस्तार गरिनुपर्छ ।

प्रदेश राजधानी रहेको हेटौंडा साँघुरो सडकका कारण भीडभाड र दुर्घटना बढी हुने गरेको छ । संघको आधिकारिक धारणा पनि यही छ कि सडक विस्तार हुनुपर्छ, बाँकी मुआब्जा वा क्षतिपूर्ति र व्यवसायीको व्यवस्थापनमा तीन तहकै सरकारले आवश्यक समन्वय र सहकार्य गरिनुपर्ने महासचिव चौलागाईले बताए ।

# सेवानिबृत्त एसपीको बिदाईमा नेतादेखि ठेकेदारसम्मको लस्कर

साझाकुरा संवाददाता

हेटौंडा, ८ साउन/ मकवानपुरका प्रहरीप्रमुख प्रहरी उपरीक्षक (एसपी) बामदेव गौतमको बिदाईमा जिल्लास्थित राजनीतिका दलका नेतादेखि निर्माण व्यवसायी (ठेकेदार) सम्मको लस्कर लागेको छ ।

उमेर हदको कारण सोमबार ८ साउनदेखि सेवानिवृत भएका गौतमलाई एक सातादेखि बिदाई थाप्न भ्यानभ्याई छ । मकवानपुरमा १ वर्षको बसाईका क्रममा जिल्लाको समग्र शान्तिसुरक्षामाथि खासै राम्रो नतिजा निकाल्न नसकेका गौतमको आइतबार जिल्ला प्रहरी कार्यालय मकवानपुरबाट औपचारिक बिदाई भएको थियो । उनलाई बागमती प्रदेश प्रहरीप्रमुख प्रहरी नायवमहानिरीक्षक किरण राणाले पनि बिदाई गरिन् ।

गौतमलाई बिदाई गर्न राजनीतिक दलका नेतादेखि हेटौंडा उपमहानगरपालिकासहित जिल्लाका अन्य पालिकाको जनप्रतिनिधि, निर्माण व्यवसायी, जग्गा व्यवसायी, सामुदायिक प्रहरी सेवाकेन्द्र, खेलकुद सम्वद्ध व्यक्तिहरुको लस्कर नै लागेको थियो । जिल्ला प्रहरी कार्यालयमा हुलकाहुल उनको बिदाईका लागि निरन्तर प्रवेश गरिरहेका देखिन्थे । तर, जिल्लास्थित विभिन्न सरकारी कार्यालयका प्रमुखहरु फेरबदल भइरहँदा भने स्वागत र बिदाई गर्नेको चासो कमै देखिन्छ ।

प्रमुख जिल्ला अधिकारी (सिडिओ) र प्रहरीप्रमुखको स्वागत तथा बिदाई कार्यक्रम उद्योगी, व्यवसायी, व्यापारी, ठेकेदारहरुको नियमित कार्यतालिका भित्रै पर्ने गर्दछ । तर, उनीहरु अन्य सरकारी अधिकारीको स्वागत र बिदाईमा बेमतलबी देखिन्छन् । यसले पनि स्वार्थसिद्धका लागि चाकडी कुन हदसम्म हुन्छ भन्ने उदाहरणलाई थप बीजारोपण गरेको विश्लेषण भइरहेका हुन्छन् ।

कानुन कार्यान्वयन गर्ने तहको प्रमुख ओहदामा बसेर पनि सबै क्षेत्रलाई मिलाउन सक्ने क्षमताका प्रहरीप्रमुख गौतम गत साउनमा सरुवा भएर मकवानपुर आएका थिए । तत्कालीन प्रहरीप्रमुख मीरा चौधरी हुँदा प्रहरी नायव उपरीक्षकको भूमिकामा काम गरि सकेका गौतमलाई मकवानपुर नौलो जिल्ला थिएन ।

सबै नेता, उद्योगी, व्यवसायी, व्यापारी, ठेकेदार र पत्रकारहरुसँग सुमधुर सम्बन्ध भएका गौतमले एकवर्ष कार्यकाल पूरा गरी प्रहरीसेवाबाटै बिदा लिएका हुन् ।


## खुल्दैछ ! खुल्दैछ ! खुल्दैछ !

(उत्तराखण्ड चारधाम)

बद्रीनाथ केदारनाथ तिर्थयात्राको लागि २०८० भदौ १८ गतेबाट विभिन्न मितिमा रिजर्भ बस खुल्दैछ ।

**दर्शनीय स्थानहरू** :- महेन्द्रनगर, हरिद्वार, ऋषीकेश, फुलछट्टी, एमनोत्री (पहिलो धाम) ६ कि.मी. पैदल यात्रा, उत्तर काँशी, गंगनानी, गंगोत्री (दोश्रो धाम) रूद्र प्रयाग, गुप्तकाँशी, गौरीकुण्ड, केदारनाथ (तेश्रो धाम) १४ कि.मी. पैदल यात्रा (जोशी मठ) बद्रीनाथ, (चौथो धाम) ब्रम्हकपाली गरी १७ देखी १८ दिनमा नेपाल आईपुग्नेछ ।

भाडा प्रति यात्री ने.रु. ३०००५/- लाग्ने छ (बिहान बेलुकी खाना सहित ) नोट:- रिक्सा टाङ्गा, धर्मशाला, अन्य खर्च यात्रु स्वयंले बेहर्नुपर्नेछ । सम्पर्क:-

**गोपाल थापा, हेटौंडा बसपार्क**

मोवाईल नं. : ९८४५२९७६८१ घण्टी बाजे मनरवा, बारा,
मोवाईल नं. ९८४५८०८४०२

## सम्पूर्ण ब्राण्डका गाडी
### एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

अनुशासनमा कडाई, गुणस्तरीय पढाई

## हेटौंडा क्याम्पस
हेटौंडा -४, मकवानपुर, नेपाल

यस शैक्षिक सत्रका लागि कक्षा ११ मा निम्न सङ्काय तथा विषयहरुमा बिहानी तथा दिवा दुबै समूहमा

### भर्ना खुल्यो !

नेपाली र अङ्ग्रेजी दुबै माध्यममा अध्यापन हुने

शिक्षाशास्त्र सङ्कायतर्फ
- गणित शिक्षा
- नेपाली शिक्षा
- अङ्ग्रेजी शिक्षा
- स्वास्थ्य शिक्षा
- वातावरणीय शिक्षा
- बालविकास र सिकाई (CDL)

मानविकी सङ्कायतर्फ
- गणित शिक्षा
- नेपाली शिक्षा
- अङ्ग्रेजी शिक्षा
- स्वास्थ्य शिक्षा
- ग्रामिण विकास
- समाजशास्त्र

व्यवस्थापन सङ्कायतर्फ
- गणित
- कम्प्युटर विज्ञान
- व्यवसायिक अध्ययन
- व्यवसायिक गणित
- लेखाविधि
- अर्थशास्त्र

साथै यसै वर्षदेखि कक्षा ११ मा न्यूनतम शुल्कमा गुणस्तरीय शिक्षासहित **Hotel Management** विषयमा पनि अध्यापनको लागि भर्ना खुलेको हुँदा आफ्नो सिट समयमै सुनिश्चित गर्नुहोस ।

भर्ना फाराम धमाधम वितरण भैरहेको छ ।



विस्तृत जानकारीका लागि
०५७-५२०९७४, ५२६७३७, ९८४५०६७४४२, ९८४५०७०६३१, ९८४५०७१६९०

## भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!

सिद्धार्थ माध्यमिक विद्यालय हेटौंडा-२ मा शैक्षिक सत्र २०८०/०८१ को लागि कक्षा ११ मा नयाँ भर्ना खुल्यो ।

अध्यापन हुने विषय/समूहहरू
- विज्ञान (कम्प्यूटर विज्ञान सहित),
- कानून,
- वाणिज्य (कम्प्यूटर विज्ञान सहित)
- शिक्षा (ऐ. अङ्ग्रेजी, ऐ. गणित, ऐ. नेपाली, ऐ. स्वास्थ्य र शारीरिक शिक्षा सहित)

धमाधम नयाँ भर्ना लिइँदैछ । सीट सिमित भएकोले समयमै भर्ना भई आफ्नो सीट सुरक्षित राख्न सम्बन्धित अभिभावक तथा विद्यार्थी वर्गमा सूचित गरिन्छ ।

साथै (CTEVT अन्तर्गत) वनविज्ञान ३ वर्षे डिप्लोमा अध्ययन गर्न इच्छुक विद्यार्थीहरूले यही श्रावण ११ गतेभित्र आवेदन फाराम बुझाईसक्न जानकारी गराईन्छ ।

कक्षा ११ को कक्षा सञ्चालन यही श्रावण १० गते बिहान ६:०० बजेबाट हुनेछ ।

प्रधानाध्यापक
सिद्धार्थ माध्यमिक विद्यालय, हेटौंडा-२, मकवानपुर
सम्पर्क नम्बरहरू: ०५७-५२०७००, ९८५५०७१९९०, ९८४५०५८७१५, ९८४५०७२२४७, ९८५५०७०६४७

## भर्ना खुल्यो ! भर्ना खुल्यो ! भर्ना खुल्यो !

सर्वोत्कृष्ट नतिजा सहित विभिन्न बोर्डहरुको परीक्षामा नेपाल प्रथम हुन सफल यस मकवानपुर बहुमुखी क्याम्पसमा कक्षा ११ मा भर्ना खुल्यो ।



कक्षा ११ मा अध्यापन हुने विषयहरु:
- Science
- Management
- Education
- Humanities



हाम्रा विशेषताहरु
- दक्ष विषय विज्ञहरुद्वारा अध्यापन गराइने ।
- सुविधा सम्पन्न कक्षा कोठाहरुमा **Multimedia** तथा **Projector** को माध्यमबाट पठनपाठन गराइने ।
- सम्पूर्ण पूर्वाधारहरुले सम्पन्न ।
- वार्षिक परीक्षाहरुमा देशमै उत्कृष्ट नतिजा हासिल गर्न सफल ।
- आधुनिक विषयगत ल्यावहरु, शैक्षिक सामग्री ल्यावहरुको व्यवस्था भएको ।

Admission Open in Class-XI

सम्पर्क:
**मकवानपुर बहुमुखी क्याम्पस**
हेटौंडा-२, मकवानपुर
फोन नं.: ०५७-५२०६२० https://mmchetauda.edu.np/

## भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!

तपाई र तपाईको बालबालिकाको सपना पूरा हुने एक मात्र ठाउँ हाम्रो हेटौंडामा दक्ष, अनुभवी एवम् ख्याति प्राप्त Selected शिक्षकहरुको समूहद्वारा सञ्चालित शहरको गौरव Bhutandevi Secondary School (Technical School) मा शैक्षिक सत्र २०८०/०८१ का लागि विशेष Scholarship मा Science, Management (English/Nepali Medium), 3 years Diploma in Civil Engineering And Civil Engineering (9-12) मा धमाधम भर्ना र कक्षा सञ्चालन भइरहेको छ । तसर्थ समयमै सम्पर्क गरी मौकाको फाइदा उठाउनुहोस् ।

* हाम्रा विशेषताहरू :
- शैक्षिक सत्र २०७८/०७९ मा Civil Engineering धारतर्फ कक्षा १२ मा नेपाल प्रथम हुन सफल ।
- दक्ष तथा अनुभवी शिक्षकद्वारा अध्यापन गराईने ।
- अत्याधुनिक Computer/Science & Civil Engineering Lab को व्यवस्था भएको ।
- Multimedia को प्रयोग गरी कक्षा सञ्चालन गरिने ।
- उपयुक्त भौतिक पूर्वाधारसहितको प्रविधिमैत्री कक्षाकोठा तथा पर्याप्त खेल मैदान भएको
- विद्यार्थीहरुको नियमित मूल्यांकन, Motivational & Counseling को व्यवस्था ।
- 'सबैको लागि शिक्षा नि:शुल्क शिक्षा' को मर्मअनुसार विशेष Scholarship को व्यवस्था गरिएको ।
- समय समयमा विषयगतरुपमा क्षेत्रगत भ्रमण एवम् शैक्षिक अध्ययन अवलोकन भ्रमणसमेत गर्ने गरेको ।

| | |
|---|---|
| GPA-3.6 to 4 | Full Scholarship. |
| GPA-3.2 to 3.6 | Admission free plus 50% discount in monthly fee. |
| GPA-2.4 to 3.2 | 50% Discount in monthly fee. |
| GPA-1.6 to 2.4 | 25% Discount in monthly fee. |

**Bhutandevi Secondary School** (Technical School)

सम्पर्कका लागि : ०५७-५२०४२०, ९८६२१४५७५६, ९८४५६१८१७१, ९८४१८८२४१३, ९८५५०४१०६१, ९८४५२८६ ८३०, ९८५५०७१६०७


साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना